# सैनामैना नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय,बुद्धनगर, रुपन्देही

## नदीजन्य पदार्थको बिक्रिका लागि ठेक्का बन्दोबस्त सम्बन्धी सुचना

**प्रथम पटक सुचना प्रकाशन मितिः २०८०।०२।०७**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२(क) र सैनामैना नगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीको घाटहरुबाट तपसिल बमोजिमको परिमाणमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मु. अ. कर दर्ता प्रमाण पत्र, आ.व. ०७८।७९ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही ठेक्का बन्दोबस्त आव्हानको सुचना प्रकाशित गरीएको छ।

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र ,मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, ठेक्का फाराम दस्तुर रु. १,००० पछि फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखामा नगदै तिरेको रसिद वा कृषि विकास बैंक, पर्रोहा शाखा कार्यालयमा रहेको यस कार्यालयको खाता नं. ०४१४२०१६५९९१५०११ मा नगद जम्मा गरेको बैक भौचर साथ निवेदन पेश गरी मिति २०८०।०२।१२ गते कार्यालय समयभित्र कार्यालयवाट ठेक्का फारम खरिद गर्न सकिनेछ।

२. बढाबढको प्रस्ताव पेश गर्न चाहाने प्रस्तावदाताले यस कार्यालयबाट ठेक्का सम्बन्धी कागजातहरु प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

३. बढाबढको प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

४. बढाबढको प्रस्ताव सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

५. आफुले कबोल गरेको अंकको **५ प्रतिशतको दरले हुन आउने धरौटी रकम** यस कार्यालयको कृषि विकास बैंक, पर्रोहा शाखामा रहेको धरौटी खाता नं. ०४१४२०११४९२४४०१५ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त बैंकवाट यस कार्यालयको नाममा ठेक्का नं . र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड प्रस्ताव साथ संलग्न गरि पेश गर्नु पर्नेछ।

६ . खरिद गरेको ठेक्का फाराममा उल्लेख भएका सबै विवरणहरु भरी प्रस्तावदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई फर्मको छाप लगाई मिति २०८०।०२।१४ गते दिनको १२ बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ।

७ . एक फर्म वा संस्थाको नाममा खरिद गरिएको ठेक्का अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपूर्वक पर्न आएका ठेक्काहरु मिति २०८०।०२।१४ गते दिनको १ बजे प्रस्तावदाता एवं प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै प्रस्तावदाता वा निजको प्रतिनिधी ठेक्का खोल्ने समयमा उपस्थित नभएमा पनि ठेक्का खोल्न कुनै बाधा पर्ने छैन।

८ . ठेक्का सम्बन्धी विस्तृत जानकारी ठेक्का सम्बन्धी फाराममा उल्लेख गरिएको हुदाँ सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपुगी वा शर्त सहित पेश हुन आएका ठेक्का स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। ठेक्का स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. ठेक्का स्वीकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र भ्याट र अग्रिम आयकर सहित कबोल अंकको ५० प्रतिशत हुने रकम प्रथम किस्ता बापत अनिवार्य बुझाउनु पर्नेछ र बाँकी ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको छ महिनासम्म म्याद भएको बैंक ग्यारेन्टी (परफमेन्स वन्ड) समेत पेश गरीपट्टा उठाउनु पर्नेछ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४, सम्बन्धित स्थानीय तहवाट जारी भएका कानुन, प्रदेश र संघीय कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ।

**तपसिलः**

| सिनं. | ठेक्का नं | घाट वा नदीको नाम | उत्खनन् परिणाम (घन फिट) | न्युनतम कबोल अंक (मु.अ कर सहित) | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | आय-०४-०७९।८० | सैनामैना न.पा वडा नं ०३ घमाहा नदीको कजवे दक्षिण नाका, नाली निकास मुनी र बल बहादुर कार्कीको जग्गा मुनि पुर्वी किनार | १,१०,५८७ | रु. ४,९९,८५३.२४ | १,००० |

प्रमुख प्रशासकीय अधिकृत

२०८०।०२।०७

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत